# आठराई त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०८२

**सभामा पेश भएको मिति : २०८२ असार ९ गते**

**प्रस्तावना**:आठराई त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम एक्कासौ आठराई त्रिवेणीगाउँ सभामा यो विधेयक पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आठराई त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०८२"रहनेछ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. आर्थिक बर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५२,३६,५४,००० /- (अक्षरेपी बाउन करोड छत्तिस लाख चौँवन्न हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त आठराई त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।
तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**४. कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

**५.आदेश जारी गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा स्थानीय सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (२) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।



Scanned with OKEN Scanner

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका तर्फ | ९३९८७२२१ | १००४२३७७९ | १७८२४७२२१ |
| २ | | वडा कार्यालय तर्फ | २०४०००० | ११६६०००० | १३७००००० |
| ३ | | विषयगत शाखा तर्फ | २८६२८००० | ६७००००० | ३५३२८००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | |
| ५ | | सशर्त अनुदान नेपाल सरकार | २०१३००००० | २१९००००० | २२३२००००० |
| ६ | | सशर्त अनुदान प्रदेश सरकार | ९६१५००० | ३७००००० | १३३१५००० |
| ७ | | विशेष अनुदान नेपाल सरकार | | ६९००००० | ६९००००० |
| ८ | | समपुरक अनुदान नेपाल सरकार | | २६२००००० | २६२००००० |
| ९ | | समपुरक अनुदान प्रदेश सरकार | | १६०००००० | १६०००००० |
| १० | | लगानी शेयर/ऋण | | | |
| | | | | | |

Scanned with OKEN Scanner

अनुसूची–२
(दफा २ को उपदफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (१) बमोजिम
**संञ्चित कोषबाट जम्मा हुने आम्दानीको स्रोतहरू**

| क्र.स. | आम्दानीको श्रोत | आयका शीर्षकहरू | रकम |
|---|---|---|---|
| १ | संघीय सरकार | वित्तिय समानीकरण अनुदान | १००००००००० |
| २ | | राजश्व बाँडफाँडबाट प्राप्त अनुदान | ६९१०५२२५ |
| ३ | | सशर्त अनुदान | २२३२०००००० |
| ४ | | समपूरक अनुदान | २६२०००००० |
| ५ | | विशेष अनुदान | ६९०००००० |
| ६ | | लगानी (सेयर/ऋण) | ० |
| | | जम्मा | ४२५४०५२२५ |
| ७ | प्रदेश सरकार | वित्तिय समानीकरण अनुदान | ९५९२००० |
| ८ | | राजश्व बाँडफाँडबाट प्राप्त अनुदान | ४२६३००० |
| ९ | | सशर्त अनुदान | ९६१५००० |
| १० | | समपूरक अनुदान | १६०००००० |
| ११ | | विशेष अनुदान | ० |
| १२ | | लगानी (सेयर/ऋण) | ० |
| | | जम्मा | ३९४७०००० |
| १३ | स्थानीयसरकार | आ.व. २०८१/०८२ को नगद मौज्दात अ ल्या | ४९७५७६००० |
| १४ | | स्थानीय आन्तरिक आय प्रक्षेपण | ५३२२७७५ |
| | | जम्मा | ५४८५७००० |
| | बजेटको कुल सिमा | | ५२३६५४००० |



Scanned with OKEN Scanner